मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आज मिति २०८१ साल कार्तिक ०७ गते बुधवार दिनको ३:०० बजे यस मनराशिसवा नगरपालिकाको नगर प्रमुख श्री मोहन पाण्डेय ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थिति भई नगर कार्यपालिकाको बैठक बस्यो।

## उपस्थिति

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मोहन पाण्डेय | अध्यक्ष (नगर प्रमुख) | |
| २. | श्री शकुन्तला देवी | सदस्य (नगर उप-प्रमुख) | शकुन्तला। |
| ३. | श्री गोविन्द चौरसिया | सदस्य (वडा अध्यक्ष वडा नं. १) | |
| ४. | श्री नरेश कुमार सिंह | सदस्य (वडा अध्यक्ष वडा नं. २) | |
| ५. | श्री अशोक कुमार अधिकारी | सदस्य (वडा अध्यक्ष वडा नं. ३) | |
| ६. | श्री चन्द्रभुषण मौवार | सदस्य (वडा अध्यक्ष वडा नं. ४) | |
| ७. | श्री हदिस अंसारी | सदस्य (वडा अध्यक्ष वडा नं. ५) | |
| ८. | श्री राम वहादुर साह तेली | सदस्य (वडा अध्यक्ष वडा नं. ६) | |
| ९. | श्री रामनाथ सहनी | सदस्य (वडा अध्यक्ष वडा नं. ७) | |
| १०. | श्री अजय कुमार सिंह | सदस्य (वडा अध्यक्ष वडा नं. ८) | |
| ११. | श्री शशिभुषण झा | सदस्य (वडा अध्यक्ष वडा नं. ९) | |
| १२. | श्री अरुण कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं. १०) | |
| १३. | श्री द्रोती देवी | सदस्य (महिला कार्यपालिका सदस्य) | |

शकुन्तला।

CamScanner

मनराशिस्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| १४. | श्री अन्जु कुमारी सिंह | सदस्य<br>(महिला कार्यपालिका सदस्य) | |
| १५. | श्री सिमि खातुन | सदस्य<br>(महिला कार्यपालिका सदस्य) | |
| १६. | श्री जिवो कुमारी देवी | सदस्य<br>(महिला कार्यपालिका सदस्य) | |
| १७. | श्री मन्जु देवी महरा | सदस्य<br>(महिला कार्यपालिका सदस्य) | |
| १८. | श्री राम नरेश रजक | सदस्य<br>(दलित वा अल्पसंख्यक का.स.) | |
| १९. | श्री अंगत कुमार मण्डल | सदस्य<br>(दलित वा अल्पसंख्यक का.स.) | |
| २०. | श्री संजय कुमार लाल कर्ण | सदस्य<br>(दलित वा अल्पसंख्यक का.स.) | |
| २१. | श्री राजेश कुमार शर्मा | सचिव<br>(प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २२. | श्री श्यामदेव महासेठ | प्रशासन तथा योजना शाखा प्रमुख | |
| | | | |



CamScanner

मनराशिसवा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प्रस्तावहरु

१. "घ" वर्गको ईजाजतपत्र नविकरण सम्बन्धी कार्यविधि -२०७९ संशोधन सम्वन्धमा ।

२. मनराशिसवा नगरपालिकाको वडा नं. ५ रहेको २८ वटा कोठा मध्ये १३ वटा कोठा भाडामा लगाउने सम्वन्धमा ।

३. मनराशिसवा नगरपालिका साक्षरता अभियान संचालन तथा साक्षर नगरपालिका घोषणा सम्वन्धी कार्यविधि-२०८१ सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं.१ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिकाको "घ" वर्गको ईजाजतपत्र सम्वन्धी कार्यविधि -२०७९ को "दफा ४ को उपदफा ३ वमोजिम म्याद भित्र नविकरण नभएको ईजाजतपत्र स्वतः खारेज हुनेछ" रहेकोमा उक्त दफा संशोधन गरी दफा ४ को उपदफा ३ रहेको व्यहोरा संशोधन गरी निम्न वमोजिमको नियमहरु यस पालिकाको १२औं नगरसभाबाट पारितभएका नियमका अधारमा ईजाजतपत्र नविकरण गरिनेछ ।

नोटः( यस पालिकामा घ वर्गको ईजाजतपत्र दर्ता भई हाल सम्म नविकरण नभएका ईजाजत पत्रको हकमा एक पटकको लागि नविकरण गरिनेछ ।)

| क्र.स. | विवरण | नविकरण रकम |
|---|---|---|
| १ | निर्माण व्यवसायी नविकरण शुल्क रकम(श्रावण,भदौ र असोज) | रु.२,०००/- |
| २ | निर्माण व्यवसायी नविकरण शुल्क रकम(कार्तिक,मंसिर र पौस ) | रु.४,०००/- |
| ३ | निर्माण व्यवसायी नविकरण शुल्क रकम(माघ देखि असार सम्म) | रु.१०,०००/- |

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस मनराशिसवा नगरपालिकाको वडा नं. ५ मा रहेको २८ वटा कोठाहरु भाडामा लगाउनु पर्ने भएकोमा हाल सम्म १५ वटा कोठा मात्र भाडामा रहेको बाँकी १३ वटा कोठा मिति २०८१/०७/२६ गतेको राजश्व परामर्श समितिको बैठकको सिफारिस वमोजिम देहाय अनुसार दर कायम गरी भाडामा लगाउने निर्णय गरियो ।

| क्र.स. | विवरण | न्यूनतम रकम (मु.अ.क.१३% वाहेक) | ठेक्का अवधि | कै |
|---|---|---|---|---|
| १ | पसल घर -२८ वटा मनराशिसवा नगरपालिकाको वडा नं. ५(कटैया वजार) मध्ये कोठा नं. ५, ६, ७, ८, ९, ११, १२, १५, १६, १७, १८, १९ र २२ | प्रति कोठा मासिक रु.६००/-(छौ सय) मात्र । | प्रति वर्ष भाडा कार्यालयले तोकेको प्रतिशतको आधारमा वृद्धि हुने | प्रति पसल |

CamScanner

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा ,यस मनराशिसवा नगरपालिकाको "मनराशिसवा नगरपालिका साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि-२०८१" स्विकृत गर्ने निर्णय गरियो ।

CamScanner